बसवरिया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भवानीपुर, सर्लाही

मधेश प्रदेश

पत्र संख्या :-२०८२/०८३

च.नं. :-१६५

मिति :-२०८२/०६/२३

**विषय :- IEMIS अधावधिक तथा सत्यापन गर्ने सम्बन्धमा ।**

श्री सवै प्रधानाध्यापक ज्यू,

बसबरिया गाउँपालिका, सर्लाही ।

उपर्युक्त सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको प.सं. शै.सू.व्य. २०८२/०८३ ,च.नं. ०८ मिति २०८२/६/२३ गतेको IEMIS अधावधिक तथा सत्यापन गर्ने सम्वनधी पत्र यसै साथ संलग्न छ। व्यहोरा अध्ययन गरी सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

रामाश्रय ठाकुर

शाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा

Email address :- basbariyamun@.gmail.com

web site :- basbariyamun.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८२/८३
च.नं. : ०८

मिति :२०८२।०६।२३

**विषय: IEMIS अद्यावधिक तथा सत्यापन गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तह (सबै)
श्री विद्यालय (सबै)

उपरोक्त सम्बन्धमा सबै प्रकार र तह (सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरूबाट हरेक शैक्षिक सत्रमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्यांक/सूचनाहरू Web Based System मा व्यवस्थापन गरी तिनको संकलन, एकीकरण, विश्लेषण, प्रतिवेदन तयारी, प्रबोधीकरण र प्रकाशन गर्दै सोका आधारमा बार्षिक कार्यक्रमको तयारी, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू हुँदै आइरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०८२ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न यस केन्द्रको मिति २०८२।०१।०२, च.नं. ४७ को पत्रको व्यहोरा अवगत नै छ । एसइइको ग्रेडवृद्धि परीक्षाको परीक्षाफल प्रकाशित भई कक्षा ११ मा भर्ना शुरू भइसकेको अवस्थामा उक्त विद्यार्थीहरूको विवरण सहित तपसिलका अन्य विवरणहरू २०८२ साल कार्तिक मसान्तसम्म IEMIS मा अद्यावधिक गर्नु हुन यस केन्द्रको मिति २०८२।०६।२३ गतेको निर्णयानुसार अनुरोध छ ।

**विद्यालयहरूले गर्नुपर्ने कार्य**

क) विद्यालयले यस प्रणालीमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रुपमा अद्यावधिक गर्ने, (सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले) सबै विवरणहरू त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने,

ख) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बेवपेज (https://emis.cehrd.gov.np ) खोलेर युजर (विद्यालयको IEMIS कोड) र आफ्नो पासवर्ड प्रयोग गरी लगइन गर्ने,

ग) Dashboard को शुरुमा रहेको School Profile (Basic Profile, ECED Information र Management & others) मा रहेका विवरणहरू अद्यावधिक गर्ने,

घ) चालु शैक्षिक सत्रमा विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको नाम नामेसी, स्थायी/अस्थायी ठेगाना, अपांगता, छात्रवृत्ती, मासिक हाजिरी लगायतका विवरण भरी प्रधानाध्यापकले सो को सत्यापन गर्ने,

ङ) आफ्नो विद्यालयबाट अन्यत्र विद्यालयमा स्थानान्तरण भै जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गइ भर्ना भएको छ सो विद्यालय छानी Transfer गर्ने,

च) Transfer भइ आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिष्ट हेरी Accept गर्ने,

पेज नं. १

CamScanner

CamScanner

छ) विगत वर्षमा कक्षा १० बाट Passed & Transfer गरी छाडेका विद्यार्थीहरूलाई जुन वर्षमा Passed & Transfer गरेको हो सो वर्ष छानी Transfer List मा रहेका विद्यार्थीहरू जुन विद्यालय र कक्षामा अध्ययनरत छन् छानी Transfer गर्ने,

ज) कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थानान्तरण प्रमाणपत्र (IEMIS को रजिष्ट्रेशन नम्बर सहित) ल्याउन लगाइ Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण Accept गर्ने । अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Transfer गर्न अनुरोध गरी विद्यार्थी विवरण Accept गर्ने,

झ) प्राविधिक धार, खुला विद्यालय र अपांगता तर्फको स्रोतकक्षामा अध्ययनरत विद्यार्थीहरूलाई Student List मा Action मा गई अनिवार्य रूपमा Flagging गर्ने । (यसका लागि School Profile भित्र Basic Profile मा प्राविधिक धार, खुला विद्यालय र स्रोतकक्षा चलेको Option Yes भएको हुनुपर्छ),

ञ) सबै विद्यालय (ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरूले आ-आफ्नो विद्यालयको IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने । विगत देखि सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका वा शैक्षिक सत्र २०८२ देखि सञ्चालनमा आएका नयाँ विद्यालय भए मिति २०८२ कार्तिक मसान्त भित्र स्थानीय तह मार्फत कोड प्राप्त गरी विवरण अद्यावधिक गर्ने,

ट) Teacher र Staff मेनुमा गइ शिक्षक तथा कर्मचारीहरूको विवरण अद्यावधिक गर्ने । कतिपय विद्यालयहरूको शिक्षक/कर्मचारी पूर्ण विवरण अध्यावधिक नगरेका कारण शिक्षक कर्मचारीको तलबी माग फाराम नमिलेको पाइएको छ । तसर्थ शिक्षक र कर्मचारीको सही र पूर्ण विवरण अद्यावधिक गरी सो को सत्यापन प्रधानाध्यापकले गर्ने । यसका साथै शिक्षक/कर्मचारीको तलब भत्ता सेट गर्न Teacher/Staff भित्र शिक्षक/कर्मचारीको सूचीमा गई Action भित्र Salary Details मा गई आवश्यक विवरणहरू सेट गर्ने,

ठ) SMC र PTA Menu मा गइ विद्यालय व्यवस्थापन समिति सम्बन्धी विवरण अद्यावधिक गर्ने,

ड) Infras. Inventory Menu मा गइ विद्यालयमा रहेका सम्पूर्ण भौतिक संरचना र विद्यालय नक्शाङ्कन (School Mapping) सम्बन्धी विवरण अद्यावधिक गर्ने,

ढ) बाढी/पहिरो, हावा हुरी, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धी विवरण भर्ने स्थानहरू भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EIE Menu रहेका सम्पूर्ण विवरण तत्काल अपडेट गर्ने,

ण) IEMIS मा भएका सबै विवरण भर्नुपर्छ । IEMIS Online Based भएको हुनाले जहिले पनि भर्न मिल्छ र जहाँबाट पनि भर्न मिल्छ ।

## स्थानीय तहका लागि अनुरोध

क) आफ्नो स्थानीय तहभित्र विगत देखि नै विद्यालय सञ्चालनको अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्राप्त नगरेका विद्यालपहरूलाई EMIS Code प्राप्त गर्नका लागि Admin Menu भित्र School मा गई त्यहाँ रहेको Online Form भर्ने र विद्यालयले प्राप्त गरेको अनुमति/स्वीकृतीको पत्र र स्थानीय तहले EMIS Code का लागि गरेको सिफारिस पत्र, संस्थागत विद्यालयको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्र समेत अपलोड गरी सेभ गर्ने र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट IEMIS कोड प्राप्त भएपछि सम्बन्धित विद्यालयलाई विवरण अद्यावधिक गर्न लगाउनु हुन,

ख) विद्यालयले School Profile को Basic Profile भित्र भरेको School Type र School Sub-Type, Registered Upto, Running Level, Approved Date, Running Grade, शिक्षक दरबन्दी आदि विवरण सत्यापन गर्नु हुन,

पेज नं. २

CamScanner

CamScanner

ग) विद्यालयले Student Information मा रहेका विद्यार्थी र विद्यालयमा अध्ययनरत विद्यार्थीको नाम नामेसी, स्थायी/अस्थायी ठेगाना, अपांगता, छात्रवृत्ती, मासिक हाजिरी लगायतका विवरणको सत्यापन गर्नु हुन,

घ) विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीको Basic Information, Qualification, Experience र Training Tab मा भएका सबै विवरण पूर्ण रुपमा अद्यावधिक गर्न लगाई सो को सत्यापन गर्नु हुन । IEMIS मार्फत नै शिक्षक तथा कर्मचारीको तलबभत्ता माग फाराम संकलन अनिवार्य गरी सोहि विवरणका आधारमा मात्र तलब भत्ता निकासा दिने व्यवस्था गर्नुहुन । शिक्षक दरबन्दी पुनरावलोकन सम्बन्धी कार्यसमेत यसै विवरणमा आधारित भइ गरिने भएकोले यसमा विशेष सावधानी अपनाउन लगाउनु हुन । कार्यक्रम कार्यान्वयन कार्यविधि (आव २०८२/८३) को पेज नं. ५ र ८ मा भएका व्यवस्थालाई अनिवार्य कार्यान्वयन गराउनु हुन,

ङ) विद्यालयबाट Infrastructure Inventory Menu मा भरिएका भौतिक अवस्था सम्बन्धी (भवन, कक्षाकोठा, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, लगायतका) विवरण सत्यापन गर्नु हुन,

च) Reports मेनुमा रहेको School Level Report Download गरी उक्त सूचीमा रहेका विद्यालयमध्ये आफ्नो स्थानीय तहमा बन्द, समायोजन तथा कक्षा/तह घट/बढ भएका विद्यालयको विवरण यकिन गरी Admin menu भित्रको School मा लोड गरी Action Button आवश्यकता अनुसार मिलाउनु हुन र सो को जानकारी यस केन्द्रको iemis शाखाको ईमेल iemis@cehrd.gov.np मा उपलब्ध गराइदिनु हुन,।

छ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको विवरण, गठन मिति लगायतका सबै विवरणहरूको सत्यापन गर्नु हुन,

ज) अहिले पनि विद्यालयद्वारा अद्यावधिक गरिएका विवरणहरूमा विद्यार्थी संख्यामा दोहोरोपना रहेको, प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा भर्ना भएका बालबालिकाको उमेर अस्वभाविक देखिएको भनी सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट गुनासा तथा सूचना प्राप्त भइरहेकोमा सो विषयप्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ ।

यस सन्दर्भमा, विद्यालयबाट अद्यावधिक गरिएका विवरणहरू सम्बन्धी स्थानीय तहगत प्रतिवेदन IEMIS बाट प्राप्त गरी सो विवरणको सत्यापन (Verification) गर्नु हुन र यसरी अवलोकन गर्दा प्रणालीमा सबै विवरण अद्यावधिक नगर्ने र अस्वभाविक विवरण प्रविष्ट गर्ने विद्यालयहरूलाई पुनः विवरण अद्यावधिक गर्न लगाउनु हुन अनुरोध छ । साथै यसरी प्रणालीमा गलत विवरण अद्यावधिक गर्ने प्रधानाध्यापकलाई भ्रष्टाचार निवारण ऐन (संशोधन सहित) २०५९ को दफा १६ अनुसार कारवाहीको प्रक्रिया अगाडि बढाउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

IEMIS अद्यावधिक गर्ने सम्बन्धमा कुनै द्विविधा भएमा केन्द्रको वेवसाइट (www.cehrd.gov.np), YouTube (IEMIS CEHRD Nepal), Facebook (Iemis Cehrd Nepal), Viber (IEMIS CEHRD Viber Community) र Viber (IEMIS CEHRD Viber Community for School ) मा रहेका सूचना तथा जानकारी अध्ययन गर्नुहुन समेत अनुरोध छ ।

शुशिल पौडेल
तथ्याङ्क अधिकृत

**बोधार्थ**

श्री सामाजिक विकास मन्त्रालय(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।



CamScanner